# बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन


भावना नेपाल
परीक्षा रोल नं २०४००१०/२०७०
त्रि.वि.द.नं.: ९-२-५८६-२०-२००८


नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत

## शोधपत्र


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा
नेपाली शिक्षा विभाग
वि.सं. २०७३ (सन् २०१७)



बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन भावना नेपाल २०१७

# बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन

भावना नेपाल
परीक्षा रोल नं २०४००१०/२०७०
त्रि.वि.द.नं.: ९-२-५८६-२०-२००८

नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत

## शोधपत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा
नेपाली शिक्षा विभाग
वि.सं. २०७३ (सन् २०१७)

# प्रतिबद्धता-पत्र

प्रस्तुत *बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन* शीर्षकको शोधपत्र मैले सम्बन्धित पक्षमा गहन अध्ययन गरी तयार पारेकी हुँ । यसमा भएका तथ्य सबै प्रामाणिक हुन् । यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएमा म कानुन अनुसार दण्डित हुन तयार छु ।

...............

भावना नेपाल

(शोधार्थी)

एम्. एड्. दोस्रो वर्ष

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषयको पाठ्यांश नेपाली शिक्षा ५९८ प्रयोजनार्थ प्रस्तुत *बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन* नामक शोध शीर्षकको शोधपत्र यस क्याम्पसका शोधार्थी छात्रा भावना नेपालले मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यसँग म पूर्ण रूपमा सन्तुष्ट छु । यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

तेजप्रसाद खनाल

**शोधनिर्देशक**

उपप्राध्यापक

नेपाली शिक्षा विभाग

कनकाई बहुमुखी क्याम्पस,

सुरुङ्गा, झापा

*सन् २ जनवरी २०१७*

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्रको प्रयोजनका निम्ति तयार पारिएको हो । प्रस्तुत शोधपत्रलाई प्रस्तुतियोग्य बनाउनका लागि शोध निर्देशक कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका सहायक प्राध्यापक आदरणीय गुरु श्री तेजप्रसाद खनालले पुऱ्याउनु भएको सहयोगका लागि आभार प्रकट गर्दछु ।

यस शोधकार्यमा आवश्यक सल्लाह सुझावहरू दिनुहुने कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका नेपाली विभागका विभागीय प्रमुख उप.प्रा. श्री विष्णुप्रसाद कोइराला तथा क्याम्पस प्रमुख टङ्कप्रसाद कार्की साथै मेरा आदारणीय गुरुहरू प्रा. श्री जीवनाथ सुवेदी, सहायक प्रा. कोमलप्रसाद पोखरेलप्रति म कृतज्ञ छु । जीवनका चुनौतिपूर्ण घडीहरूमा समेत मेरो अध्ययनको अवसरमा कुनै व्यवधान खडा हुन नदिई यस अवस्थासम्म ल्याइपुऱ्याउनु हुने मेरा श्रद्धेय माता भीमा नेपाल र पिता धर्म नेपाल तथा बहिनी सपना नेपालप्रति आभार एवम् कृतज्ञता प्रकट गर्दछु । यो शोधपत्र तयारीका क्रममा मलाई सल्लाह सुझाव दिनुहुने मामा लक्ष्मी न्यौपाने कमल न्यौपाने, डिल्ली न्यौपाने, विनोद अधिकारीप्रति विशेष आभार प्रकट गर्न चाहन्छु । त्यस्तै आवश्यक सहयोग गर्नु हुने दाइ भूपाल राजवंशी साथै चिरञ्जीवी नेपाल तथा भाउजू गीता नेपालप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

अध्ययनको क्रममा आवश्यक सहयोग पुऱ्याउनु हुने छनोटमा परेका विद्यालयहरूका प्रधानाध्यापक/प्रिन्सिपलज्यूहरू, विषय शिक्षकहरू तथा विद्यार्थीहरूप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु । शोधकार्यको सुसाङ्ख्य टङ्कण, भाषिक शुद्धीकरण एवम् मुद्रणको लागि सहयोग पुऱ्याइदिनु हुने सौजन्य डेस्कटप बिर्तामोडकी मैया बरालप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पसप्रति पनि आभार व्यक्त गर्दछु ।

भावना नेपाल

## शोधसार

शोधशीर्षक : बोधगम्यताका आधारमा कक्षा 'आठ'को नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन

शोधार्थी : भावना नेपाल

शोध निर्देशक : तेजप्रसाद खनाल

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा

शैक्षिक वर्ष : २०६९/०७०

मूल पृष्ठ सङ्ख्या : ४३

अध्याय : पाँच

**शोधको उद्देश्य**

प्रस्तुत शोधपत्रका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) बोधगम्यताको आधारमा कक्षा 'आठ' को नेपाली विषयको कथा विधाको अध्ययन विश्लेषण गर्नु,

ख) भाषिक पृष्ठभूमि, लिङ्गको आधारमा उक्त पाठ्यपुस्तकमा प्रयुक्त कथाको बोधगम्यताको तुलनात्मक विश्लेषण गर्नु,

ग) सम्बन्धित कथाहरूको सरल र जटिल क्रम पहिल्याउनु,

घ) अध्ययनको निष्कर्षका आधारमा सुझाव प्रस्तुत गर्नु,

**शोधको सीमा**

क) प्रस्तावित अध्ययन झापा जिल्लाको छ वटा विद्यालयका दश जना विद्यार्थीका दरले ६० जना विद्यार्थीहरूमा बोध प्रश्नको परीक्षणबाट प्राप्त नतिजाको उपलब्धि प्रतिशत, मध्य, मानव विचलन Z मान र प्रतिशत निकालेर सो का आधारमा सम्पूर्ण तथ्याङ्क विश्लेषणमा सीमित रहेको छ ।

ख) प्रस्तावित अध्ययन बोधगम्यताको निम्न लिखित आधारमा सीमित रहेको छ ।

१) भाषिक पृष्ठभूमिको आधारमा

२) लिङ्गको आधारमा

३) सरल र जटिल क्रम

ग) प्रस्तावित अध्ययन बोधगम्यताका आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको अध्ययन विश्लेषणमा मात्र सीमित रहेको छ ।

**शोध प्रक्रिया**

प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्ष नेपा.शि. (५९८) पाठ्यांश प्रयोजनका लागि तयार गरिएको हो ।

प्रस्तुत शोधपत्रको लागि सामग्री सङ्कलन गर्ने क्रममा प्राथमिक स्रोतको रूपमा झापा जिल्लाका दमक, चन्द्रगढी र बाहुनडाँगी क्षेत्रका जम्मा ६ विद्यालय चयन गरी ६० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा पूर्वकार्यहरू सन्दर्भ पुस्तकहरू, पत्रपत्रिकाहरू तथा विभिन्न लेख रचनाहरू रहेका छन् ।

पाँच अध्यायमा सङ्गठित प्रस्तुत शाधपत्रलाई क्रमशः शोध परिचय, पूर्वकार्यको समीक्षा, अध्ययन विधि, विश्लेषण तथा व्याख्या र सारांश, निष्कर्ष तथा सुझावहरूमा विभाजन गरिएको छ ।

**निष्कर्ष**

१. निर्दिष्ट कथाहरूको मध्यमान समग्र उपलब्धि र मानक विचलनलाई केलाएर विश्लेषण गर्दा सबैभन्दा सरल कथा मित्रता रहेको छ जसको उपलब्धि प्रतिशत ९१.६६ रहनुले प्रमाणित गर्दछ ।

२. निर्दिष्ट कथाहरूको मध्यमान, समग्र उपलब्धि र मानक विचलनलाई विश्लेषण गर्दा सबैभन्दा जटिल कथाका रूपमा स्वाभिमान रहेको छ । जसको उपलब्धि ६५ प्रतिशत रहेको देखिन्छ । जुन सबैभन्दा सरल कथाको तुलनामा २५ प्रतिशतले बढी जटिल रहेको देखिन्छ ।

३. निर्दिष्ट कथाहरूमध्ये ठग समातियो, भाग्य, एउटा घटना र सिंह र स्यालको कथाको उपलब्धिलाई हेर्दा मध्यम खालका कथाहरू रहेका देखिन्छन् ।

४. समग्र मध्यमानलाई आधार मानेर विद्यार्थीहरूको कक्षा आठ को नेपाली किताबमा रहेको कथाको बोधगम्यता क्षमताको स्थिति गणना गर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा कम अङ्कको ६७ प्रतिशतले मात्र फरक देखिएकाले समग्र निष्कर्षका आधारमा निर्दिष्ट कथाको बोधगम्यता क्षमता सामान्य मान्न सकिन्छ ।

५. समग्र मध्यमानलाई आधार मानेर नेपाली मातृभाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरूको बोधगम्यता क्षमता विश्लेषण गर्दा नेपाली मातभाषी विद्यार्थीहरूको बोधगम्यता क्षमता उच्च रहेको देखिन्छ । तुलनात्मक रूपमा हेर्दा दोस्रो भाषी विद्यार्थीलाई निर्दिष्ट कथा कम बोधगम्य रहेको देखिन्छ ।

६. समग्र मध्यमानलाई नियाल्दा निर्दिष्ट कथा छात्रहरूलाई मध्यम खालको भएको प्रतित हुन्छ भने तुलनात्मक रूपमा छात्रहरू छ प्रतिशतले कमजोर रहेको देखिन्छ ।

७. समग्र मध्यमानलाई आधार मानेर छात्रको बोधगम्यता क्षमतालाई हेर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल ५० प्रतिशत रहेको देखिन्छ । यस आधारलाई हेर्दा छात्रहरूको बोधगम्यता क्षमतालाई मध्यम मान्न सकिन्छ ।

८. समग्र मध्यमानलाई आधार मानेर छात्राको बोधगम्यता क्षमतालाई केलाउँदा मध्यमान भन्दा माथि ४३.३३ प्रतिशत र मध्यमानभन्दा तल ५६.६६ प्रतिशत रहनुले छात्रका छुलनामा छात्रा ६ प्रतिशतले कमजोर रहेको देखिन्छ । त्यसैले निर्दिष्ट पाठ्यपुस्तकका कथा छात्रका तुलनामा छात्राहरूलाई कम बोधगम्य रहेको देखिन्छ ।

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| अ.प्र. | अप्रकाशित |
| क्र.सं. | क्रम सङ्ख्या |
| दो.सं. | दोस्रो संस्करण |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ने.बृ.श | नेपाल बृहत् शब्दकोष |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ने.मा.शि.वि. | नेपाल भाषा शिक्षा विभाग |
| मा.वि. | माध्यमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| वि.सं. | विक्रम सम्वत् |
| स. | सम्पादक |
| गा.वि.स. | गाउँ विकास समिति |
| स. | सङ्ख्या |
| प्र.नं. | प्रश्न नम्बर |
| प्र. अ. | प्रधान ध्यापक |

# विषयसूची


| शीर्षक | पृष्ठ |
|---|---|
| प्रतिबद्धता | ii |
| सिफारिस पत्र | iii |
| स्वीकृति पत्र | iv |
| कृतज्ञताज्ञापन | v |
| शोधसार | vi |
| सङ्क्षेपीकृत शब्दसूची | viii |
| विषयसूची | ix |
| तालिका सूची | xi |
| चित्र सूची | xii |

**अध्याय : एक**
**परिचय**

| | |
|---|---|
| अध्ययनको पृष्ठभूमि | १ |
| समस्या कथन | २ |
| अध्ययनको उद्देश्य | ३ |
| अध्ययनको औचित्य महत्त्व | ३ |
| अध्ययनको सीमा | ५ |
| अध्ययनको रूपरेखा | ५ |

**अध्याय : दुई**
**पूर्वकार्यको समीक्षा र सैद्धान्तिक आधार**

| | |
|---|---|
| पूर्वकार्यको समीक्षा | ६ |
| अनुसन्धानमा पूर्वकार्यको उपयोगिता | १० |
| सैद्धान्तिक अवधारणा | ११ |

**अध्याय : तीन**
**अध्ययन विधि**

| | |
|---|---|
| अनुसन्धानात्मक ढाँचा | २३ |
| जनसङ्ख्या तथा नमुना | २३ |
| नमुना छनोट विधि | २३ |
| तथ्याङ्क सङ्कलनका स्रोत | २४ |
| तथ्याङ्क सङ्कलनका साधन | २४ |
| परीक्षणको कार्यान्वयन | २५ |
| तथ्याङ्कको सङ्कलन तथा विश्लेषण | २५ |

## अध्याय : चार

## व्याख्या तथा विश्लेषण

कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाहरूको सरल र जटिल क्रमको आधारमा विश्लेषण २८
समग्र मध्यमान, मानक विचलन तथा प्रतिशत गणनाका आधारमा विश्लेषण ३०
पाठ्यपुस्तकमा प्रयुक्त कथाको बोधगम्यताको तुलनात्मक स्थिति ३२

## अध्याय : पाँच

## सारांश, निष्कर्ष र सुझाव

सारांश ३७
निष्कर्ष ३७
सुझाव ३९
शैक्षणिक प्रयोजन/उपयोगिता ४१
सन्दर्भ ग्रन्थसूची
परिशिष्टहरू

## तालिका सूची


तालिका क्रम विवरण पृष्ठ

तालिका नं. १ :

कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको कठिनाई स्तरको विवरण २८

तालिका नं. २ :

समग्र मध्यमान, मानक विचलन तथा प्रतिशत गणनाका आधारमा विश्लेषण ३०

तालिका नं. ३ :

भाषिक पृष्ठभूमिको आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यताको तुलना ३२

तालिका नं. ४ :

लिङ्गगत आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यता क्षमताको तुलना ३४

# चित्र सूची


| चित्र क्रम | विवरण | पृष्ठ |
|---|---|---|
| चित्र नं. १ : | कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको कठिनाई स्तरको विवरण | ३० |
| चित्र नं. २ : | समग्र मध्यमान, मानक विचलन तथा प्रतिशत गणनाका आधारमा विश्लेषण | ३२ |
| चित्र नं. ३ : | भाषिक पृष्ठभूमिको आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यताको तुलना | ३३ |
| चित्र नं. ४ : | लिङ्गगत आधारमा कक्षा आठको नेपाली किताबमा प्रयुक्त कथाको बोधगम्यता क्षमताको तुलना | ३५ |